# श्री जोडमहुवा सामुदायिक वन उपभोक्ता समूह

## विजयनगर गा.पा. वडा नं. १, गोबरहवा, कपिलवस्तु

### काठ दाउराको बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२९

जोडमहुवा सामुदायिक वन उपभोक्ता समुहको वन बाट आ.व. २०७४/०७५ र २०७६/०७७ मा उत्पादित काठ सा.व. घाटगद्दीमा रहेकोमा सो काठ लाई लट नं. १ कायम गरी निम्न जात र परिमाणको काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेको उद्योगले मात्र यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्रमा बोलपत्र खरिद गरी २२ औ दिनको २:०० बजे सम्ममा लटको सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

| सि.नं. | लट नं. | प्रजाति | ग्रेड | गोलिया थान | परिमाण (क्यू.फि.) | न्यूनतम मुल्य प्रति क्यू. फि. रु. | सकलन खर्च | उत्पादन आ.ब. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १-२०८१/०८२ | साल | A | १६ | २३६.८१ | १२५० | प्रति क्यू.फिट रु. १४८ ।- | २०७४/०७५ र २०७६/०७७ | धाङ ५,६,७,१५, १६,२४,२६ र ३६ |
| | | | B | ४७ | ४९०.९९ | ९०० | | | |
| | | | C | १४२ | ५४०.०८ | ६०० | | | |
| | | | D | ७४ | १११.५१ | ३०० | | | |
| | | जम्मा | | २७९ | १३७९.३९ | | | | |
| | | साल | दाउरा चट्टा | | २ | १२००० | प्रति चट्टा रु. १५४०० ।- | | |

(१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/१०/२० (ख) समय :- ५:०० वजे भित्र ।

(२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/१०/२१ (ख) समय :- दिनको ठिक २:०० वजे सम्म ।

(३) बोलपत्र फरम लटको रु २०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध), चन्द्रौटाबाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ ।

(४) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको शाखा कार्यालय चन्द्रौटामा रहेको नेपाल बैंक लिमिटेडको, चल्ती खाता नं. २२८००१०११२१७७१००००01 मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

(६) संघिय वन नियमावलीको नियम २५ (३) बमोजिम वन पैदावारमा आधारित उद्योग र सोही नियमावलीको नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत उद्योगहरु मध्ये लिलाममा भाग लिन ईच्छुक उद्योगका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी ,डिभिजन वन कार्यालयमा सुचिकृत भएको पत्रको प्रतिलिपी सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

# श्री जोडमहुवा सामुदायिक वन उपभोक्ता समूह

विजयनगर गा.पा. वडा नं. १, गोबरहवा, कपिलवस्तु

(७) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका सबै बोलपत्रहरु प्राप्त भए पछि साक्षीहरुको रोहवरमा खोलिनेछ ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको र टिपेक्स लागेको पाईएमा मूल्यांकनमा समावेश गरिने छैन ।

(१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ ।

११) बोलपत्र खरिद गर्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य दाखिला गर्ने दिनको तोकिएको समय भन्दा १ घन्टा अगाडी नै बोलपत्र खरिद गरी तोकिएको समयमा दाखिला गरी सकेको हुनु पर्ने छ ।

(१२) खरिद भएको बोलपत्र दाखिला गर्न को लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा तोकिए बमोजिम हुनेछ ।

(१३) बोलपत्र खरिद गर्दा लट अनुसार खरिद गरी दाखिला गर्दा पनि खाममा शिलबन्दी गरी खामको बाहिर प्रष्ट नम्बर उल्लेख गरेको हुनुपर्नेछ ।

(१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नु होला ।

(१५) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

(१६) सिलबन्दी बोलपत्र दाखिला गर्दा अनिवार्य रुपमा खाँममा सम्पर्क नम्बर वा ईमेल ठेगाना राख्नु पर्ने छ ।